९. नगद मौज्दात वृद्धि दर आ.ब. २०७४/७५ र २०७५/७६ मा संस्थाको नगद मौज्दात वृद्धि दर १३८६.३१%, ५०.१९% रहेको र आ.व. २०७६/७७ मा सो १८.५०% ले घटेकोमा संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व.२०७७/७८ कोषको नगद मौज्दात १६.६७% ले वृद्धि हुने र आ.व. २०७८/७९ र २०७९/८० मा क्रमसः ७.६२% र २.०६ प्रतिशतले नगद मौज्दात घट्ने प्रक्षेपण गरिएको छ।

१०. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात वृद्धि दर आ.ब. २०७४/७५ मा संस्थाको नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात १६५.२१% ले वृद्धि भएको र आ.व. २०७५/७६ र २०७६/७७ सो क्रमश २०.४८% र ६.५२% ले घटेकोमा संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार नेपाल राष्ट्र बैंकमा रहेको सो मौज्दात आ.व.२०७७/७८, २०७८/७९ र २०७९/८० मा क्रमसः ६.१९%, ३.५५% र ५.२६% ले घट्ने प्रक्षेपण गरिएको छ।

११. लगानी वृद्धि दर आ.ब. २०७४/७५ र २०७५/७६ मा संस्थाको लगानी वृद्धि दर क्रमश २२.८६% र ११.५९% ले घटेको र आ.व. २०७६/७७ मा सो ४८४.६२% ले बढेकोमा संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार कोषको लगानी दर आ.व.२०७७/७८, २०७८/७९ र २०७९/८० मा क्रमसः ८.४७%, ४.३८% र ७.६१% ले वृद्धि हुने प्रक्षेपण गरिएको छ।

१२. कर्जा सापट तथा बिल खरिद वृद्धि दर आ.ब. २०७४/७५ मा संस्थाको कर्जा सापट तथा बिल खरिद १७.०३% ले वृद्धि भएको र आ.व. २०७५/७६ मा ९.९७% ले कमी भई पुन आ.व. २०७६/७७ मा ३.५% ले वृद्धि भएको तथा संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार सो शिर्षकमा आ.व.२०७७/७८, २०७८/७९ र २०७९/८० मा क्रमसः ४.५५%, ४.३५% र ४.१७% ले वृद्धि हुने प्रक्षेपण गरिएको छ।

१३. अन्य सम्पत्ति वृद्धि दर आ.ब. २०७४/७५, २०७५/७६ र २०७६/७७ मा संस्थाको अन्य सम्पत्ति वृद्धि दर ५८.६४%, ३४.३२% र ३०.१७% रहेको र संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार २०७७/७८, २०७८/७९ र २०७९/८० मा क्रमस ३८.१५%, २३.२६% र १७.७४ प्रतिशतले अन्य सम्पत्ति वृद्धि हुने प्रक्षेपण गरिएको छ।

१४. लगानी, बैंक मौज्दात तथा कर्जा सापटमा ब्याज आम्दानी दर आ.ब. २०७४/७५, २०७५/७६ र २०७६/७७ मा संस्थाको अन्य सम्पत्ति वृद्धि दर २%, ४% र २% रहेको र संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार २०७७/७८, २०७८/७९ र २०७९/८० मा प्रत्येक आ.व.मा ३/३ प्रतिशतले अन्य सम्पत्ति वृद्धि हुने प्रक्षेपण गरिएको छ।

१५. कुल व्यवस्थापन खर्चमा कर्मचारी खर्चको अनुपात आ.ब. २०७४/७५, २०७५/७६ र २०७६/७७ मा संस्थाको कुल व्यवस्थापन खर्चमा

कर्मचारी खर्चको अनुपात ७०%, ७०% र ६६% रहेको र संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार २०७७/७८, २०७८/७९ र २०७९/८० मा प्रत्येक आ.व.मा सो अनुपात ६६/६६ प्रतिशत रहने प्रक्षेपण गरिएको छ।

१६. तरलता अनुपात आ.ब. २०७४/७५, २०७५/७६ र २०७६/७७ मा संस्थाको तरलता अनुपात ३५%,४१% र ३४% रहेको र संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार २०७७/७८, २०७८/७९ र २०७९/८० मा सो अनुपात क्रमशः २२%, २१% र २२% रहने प्रक्षेपण गरिएको छ।

**त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भई महालेखा परिक्षकको बिभागमा स्विकृत गरिएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :**

**२०७६ साल आषाढ मसान्तको वासलात**

| **सम्पत्ति** | **आ.ब. २०७५□०७६ (रू.हजारमा)** |
|---|---|
| नगद तथा नगद समान | ११,०४,२९० |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम | १,१२,३१९ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा लगानी (प्लेसमेन्ट) | - |
| व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण | - |
| अन्य व्यापारीक सम्पत्तिहरु | ४४,५१९ |
| बैंक तथा वित्तीय संस्थालाई प्रवाह गरेको कर्जा तथा सापटी | - |
| कर्मचारीलाई दिएको कर्जा तथा सापटी | ३१,८८३ |
| धितोपत्रमा गरेको लगानी | ५,३१,०६८ |
| चालू कर सम्पत्ति | - |
| सहायक कम्पनीमा लगानी | - |
| सम्बद्ध कम्पनीमा लगानी | - |
| सम्पत्तिमा लगानी | - |
| सम्पत्ति तथा उपकरण | १२,३८,२०३ |
| गुडवील (ख्याती) र अमुर्त सम्पत्ति | ४,५३४ |
| स्थगन कर सम्पत्ति | - |
| अन्य सम्पत्ति | २९,२५,८५७ |
| **कुल सम्पत्ति** | **५९,९२,६७६** |
| **दायित्व र पूँजी** | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी कर्जा/सापटी | - |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम | - |
| व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण | - |
| ग्राहकको निक्षेप | - |
| तिर्न बाँकी कर्जा सापटी | - |
| चालू कर दायित्व | ३,५८५ |
| व्यवस्था | - |
| स्थगन कर दायित्व | २,०२,१४६ |
| अन्य दायित्वहरु | २७,५१,०७८ |
| जारी गरिएको ऋणपत्र | - |
| असुरक्षित सहायक आवधीक दायित्व | - |
| **कूल दायित्व** | **२९,५६,८०९** |
| **पूँजी** | |
| शेयर पूँजी | १२,६७,८६५ |
| शेयर प्रिमियम | - |
| सञ्चित मुनाफा | - |
| जगेडा तथा मुनफा | १७,६८,००१ |
| **शेयरधनीहरुलाई बाँडफाँडयोग्य कूल इक्विटी** | **३०,३५,८६६** |
| **गैर नियन्त्रित स्वार्थ** | - |
| **जम्मा पूँजी** | **३०,३६,८६६** |
| **जम्मा दायित्व र पूँजी** | **५९,९२,६७६** |

| | |
|---|---|
| संभावित दायित्व तथा प्रतिवद्धता | - |
| प्रतिशेयर खुद सम्पत्तिद्धढ | २३९.४५ |

**२०७५ श्रावण १ गते देखि २०७६ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब**

| **विवरण** | **आ.ब. २०७५□०७६** |
|---|---|
| ब्याज आम्दानी | ३१,२६१ |
| ब्याज खर्च | |
| **खूद ब्याज आम्दानी** | ३१,२६१ |
| शुल्क तथा कमिशन आम्दानी | ७,९३,१४७ |
| शुल्क तथा कमिशन खर्च | |
| **खूद शुल्क र कमिशन आम्दानी** | ७,९३,१४७ |
| **खूद ब्याज, शुल्क र कमिशन आम्दानी** | ८,२४,४०८ |
| खूद व्यापारिक आम्दानी | |
| अन्य सञ्चालन आम्दानी | १२,३९८ |
| **जम्मा सञ्चालन आम्दानी** | १२,३९८ |
| कर्जामा सम्भावित क्षती व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानीहरु | ६,४९२ |
| **खूद सञ्चालन आम्दानी** | ८,४३,२९९ |
| **सञ्चालन खर्च** | |
| कर्मचारी खर्च | १,५९,९७६ |
| अन्य सञ्चालन खर्च | ५०,१३२ |
| ह्रासकट्टी र परिशोधन | १८,०११ |
| **सञ्चालन मुनाफा** | ६,१५,१७८ |
| गैर सञ्चालन आम्दानी | |
| गैर सञ्चालन खर्च | |
| **आयकर अघिको मुनाफा** | ६,१५,१७८ |
| आयकर खर्च | |
| चालू कर खर्च | १,५५,३३७ |
| स्थगन कर खर्च | -२,४४२_ |
| **यस अवधिको मुनाफा** | ४,६२,२८४ |
| **नाफा वाँडफाँड** | |
| कोषका शेयर धनी | ४,६२,२८४ |
| गैर नियन्त्रित स्वार्थ | |
| **यस अवधिको मुनाफा** | ४,६२,२८४ |
| **प्रति शेयर आम्दानी (रु.)** | |
| Basic प्रति शेयर आम्दानी (रु.) | ४१.९४ |
| Diluted प्रति शेयर आम्दानी (रु.) | ४१.९४ |

क) आर्थिक बर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक बर्ष समाप्त भएको मितिबाट पेश गरेको मिति सम्ममा वासलतको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने : आर्थिक बर्ष समाप्त भएदेखि हालसम्म यस कोषको वित्तीय स्थितिमा कुनै असर पुर्‍याउने घटना नभएको ।

ख) धितोपत्र निष्काशन खुल्ला हुनुपुर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एवं संशोधन गर्नुपर्ने भएमा सो सम्बन्धी विवरण: यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरुमा सर्मन्धित नियमन निकायको नियमन व्यस्वथा, निर्देशन वा अन्य कुनै कारणबाट लगानीकर्ताहरुलाई असर पर्ने खालका तात्वित परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा समाबेश गरिने र आवश्यक सुधार एवं संशोधन समेत गरिनेछ । साथै निष्काशन कार्य गर्नु पुर्व सो सम्बन्धी आवश्यक स्वीकृति समेत बोर्डबाट लिईनेछ ।

**थ) संगठीत संस्थाले गर्ने भनिएको काममा निहित संभावित जोखिमहरु :**

क) नयाँ लगानीका अवसरहरु प्राप्त नहुंदा कोषमा भएको रकमको उचित प्रतीफलमा लगानी हुन नसक्ने जोखिमहरु ।

ख) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।

ग) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

घ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।

ङ) निक्षेपको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।

छ) पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

ज) अन्तर्राष्ट्रिय बजारमा घट्ने आकस्मिक घटना तथा मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

झ) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने पूंजिबजारमा आउन सक्ने सम्भावित जोखिमहरु ।

ञ) बिश्वब्यापि रुपमा फैलिएको कोभिड १९ महामारीबाट समग्र अर्थतन्त्रमा परेको प्रभाव सँगै कोषको बचत परिचालन र लगानीमा पर्न सक्ने जोखिमहरु ।

ट) देशको बैदेशिक नीतिमा हुन सक्ने परिवर्तन तथा बैदेशिक मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु । क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानी-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी-नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध छ । त्यस्तै, अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने कोषको नीति रहेको व्यहोरा जानकारी गराउँछौं ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न कोषले निम्न उपायहरु अवलम्वन गर्दै आइरहेको छ ।**

क) आफ्नो सेवालाई अझ प्रतिस्पर्धी बनाई लगानीमुखी सेवाहरु प्रदान गर्ने छ ।

ख) मध्यकालीन तथा दीर्घकालीन लगानीमा उत्पन्न हुने जोखिम कम गर्नका लागि कोषले प्रभावकारी नीति अवलम्वन गरेकोछ ।

ग) त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसार आधुनिक प्रविधि अपनाउने, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने कोषको नीति रहेको छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :** रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) धितोपत्र बाँडफाँड सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिम बढिमा १५ दिन भित्र हकप्रद शेयरको बाँडफाँड गरी बाँडफाँड भएको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ । साथै, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण भए पश्चात सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरी बाँडफाँड भएको हकप्रद शेयर भौतिक प्रमाणपत्र रहित गरी विद्युतीय रूपमा शेयरधनीको डिम्याट खातामा जम्मा गरी खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

**ध) संगठीत संस्थाको ऐन, ब्यवस्थापन विनियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखी कोष ऐन, ब्यवस्थापन विनियमावली, वासलात, नाफा–नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :

क) कोषको केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं.१०, नयाबानेश्वर , काठमाण्डौ ।

ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक : आरविवि मर्चेण्ट बैकिङ्ग लिमिटेड, टेकु, काठमाडौं ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण :**

निष्काशन गरिने हकप्रद शेयरको लागि कुनै प्रत्याभुति गरिएको छैन ।

**प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिन भित्र धितोपत्र सूचीकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि.मा निवेदन दिइनेछ ।

**फ) संगठीत संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

कोषको कारोबारमा असर पर्ने कुनै विवाद मुद्दा मामिला छैन ।

**ब) धितोपत्र खरिद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व कोषले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।

२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली कोषद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

४) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/– का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।

५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

६) हकप्रद शेयर बाँडफाँड गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँड गरिनेछ ।

७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा कोषको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यबस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै, कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ । आवेदकहरुले C-ASBA मार्फत Meroshare बाट समेत हकप्रद शेयरको आवेदन दिन सकिने व्यवस्था मिलाईने छ । तर, भौतिक रुपमा रहेको शेयरका लागि भने मेरो शेयर वा C-ASBA प्रणलीबाट आवेदन दिन मिल्ने छैन ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै ब्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची–११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

(क) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै ब्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी ब्यबस्था सम्बन्धित संगठीत संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,

(ख) मनोनयनभै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने ब्यबस्था नियम १७ को उपनियम ४ बमोजिम प्रकाशित विवरणमा ब्यबस्था गरिएको,

(ग) कम्पनीको ऐन, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सीमा तोकेकोमा त्यस्तो सीमा भित्र रहेको, पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सीमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,

(घ) संगठीत संस्थाको ऐन र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,

(ङ) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,

(च) मनोनयन गरिने ब्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको,

(छ) हक हस्तान्तरण आंशिक वा पुरैको लागि निवेदन दिँदा निवेदनका साथ हक हस्तान्तरण गरी लिइने हकप्रद शेयरको चुक्ता रकमको १ प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

(ज) हक हस्तान्तरणको लागि मनोनयन गर्दा एक ब्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ ।

(झ) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर अन्य ब्यक्तिलाई मनोनयन गरी हस्तान्तरण गरेमा त्यस्तो शेयरवालाले सोही संगठीत संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरिद पाउने छैन ।

**हक हस्तान्तरण सम्बन्धमा उपरोक्त व्यवस्थाको अलवा संस्थापक तथा अन्य शेयरधनीहरुले निम्नानुसारका थप प्रचलित व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।**

क) चुक्ता पूँजीको २ प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा कोषलेनियामक निकायले तोकेको शर्तको अधिनमा रही (Fit and Proper Test) पुरा गरेका व्यक्तिलाई नेपाल सरकारबाट जारी निर्देशन तथा धितोपत्र सम्बन्धी अन्य प्रचलित नियम कानून अन्तर्गत रही हक हस्तान्तरण गर्न सक्नेछन भने २ प्रतिशत् भन्दा माथि शेयर स्वामित्व भएकाको हकमा नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र हक हस्तान्तरण गर्न सक्नेछ ।

ख) उपरोक्त व्यवस्थामा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कानुनी सल्लाहकार, कम्पनी सचिव वा कोषको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाका बखत वा त्यस्तो पद छाडेको कम्तीमा एक वर्षसम्म सम्बन्धित कोषको हकप्रद शेयर उल्लेखित व्यक्तिहरुबीच एकापसमा हक हस्तान्तरण गर्न वा हक हस्तान्तरण स्वीकार गर्न हुँदैन ।

ग) कोषको संस्थापक शेयरधनीहरुमध्ये कर्जा सूचना केन्द्रको कालोसूचीमा सूचीकृत भई रहेका संस्थापक शेयरधनीले हकप्रद शेयर खरिद गर्न पाउने छैनन् ।

**म) संगठीत संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय ब्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना :**

क) महालेखा परिक्षकको कार्यलयबाट बाह्य लेखापरीक्षण कार्य गर्नको लागि चार्टड एकाउण्टेन्ट श्री बिकेमान सिंह, श्री शिवहरी शर्मा र श्री जीवन बुढाथोकीलाई आ.व.२०७६/७७ को लागि नियुक्त गरिएको छ।

ख) यस कोषको कम्पनी सचिवमा काठमाण्डौ निवासी श्री नबराज खड्का कार्यरत हुनु हुन्छ।

ग) कोषको वित्तीय विवरण प्रक्षेपण विगत वर्षहरुको कारोबारको आधारमा निष्काशनकर्ता कोष आफैले तयार गरेको हो। उक्त वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता कोषको हालको दक्षता र निष्काशनकर्ता कोषले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था बिदुर एसोसिएट्स कं.का चार्टर्ड एकाउण्टेण्ट बिदुर लुइटेल रहनु भएको छ।

घ) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यावसायिक संस्था आरविवि मर्चेण्ट बैकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौंले तयार गरेको हो।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा विक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी श्री आरविवि मर्चेण्ट बैकिङ्ग लिमिटेड, टेकु रहेको छ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

१) शेयर पुँजि बृद्धि गर्न
२) कम्पनी मजबुत बनाउन
३) लगानीको क्षेत्र बढाउन
४) देशको आर्थिक क्षेत्रमा बिकास गर्न
६) यस बाहेक कोषले तपसिल बमोजिमको योजना सहित हकप्रदबाट प्राप्त रकम प्रयोग गर्ने उद्देश्य राखेको छ।

| **क.सं.** | **विवरण** | **रकम रु.** |
|---|---|---|
| १. | कर्जा तथा लगानी प्रवाह | १.३४ अर्ब |
| २. | शाखा विस्तार | २ करोड |
| ३. | सरकारी ऋणपत्र | ८ करोड |
| | **जम्मा** | **१,३५,९२,५९,२००।-** |

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधिः**

हकप्रद शेयर निष्काशन गर्दा हकप्रद शेयरका लागि आवेदन लिने कार्य कम्तीमा एक्काइस दिनका लागि खुल्ला राखिनेछ। उक्त अवधि भित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संगठीत संस्थाले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सक्नेछ र त्यस्तो सूचना प्रकाशन गर्नु अगावै सोको जानकारी बोर्डलाई दिइनेछ।

**निष्काशन बैंक सम्बन्धी ब्यवस्था :**

यस हकप्रद शेयर निष्काशनको लागि देहायका बैंकहरुलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ :

| **सि.नं.** | **निष्काशन बैंकको नाम, ठेगाना** |
|---|---|
| १. | राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, टेकु, काठमाण्डौ। |

**ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

१. श्री आरविवि मर्चेण्ट बैकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौं ।
२. श्री नागरीक लगानी कोष, नयांबानेश्वर, काठमाण्डौ तथा बैंकको शाखा कार्यालयहरुः विराटनगर, मोरङ्ग र पोखरा, कास्की।
३. नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु।

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकद्वारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फाराम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवेदन फाराम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ। हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा आरविवि मर्चेण्ट बैकिङ्ग लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी आरविवि मर्चेण्ट बैकिङ्ग लिमिटेड., टेकु, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँडमा समावेश गरिनेछ। शेयर बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँडमा समावेशगरिनेछैन। हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री आरविवि मर्चेण्ट बैकिङ्ग लिमिटेड.को वेवसाइट www.rbbmbl.com.np तथा निष्काशनकर्ता कोष नागरिक लगानी कोषको वेवसाइट www.nlk.org.np बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी नागरिक लगानी कोष को वेवसाइट www.nlk.org.np तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.rbbmbl.com.np बाट हेर्न सकिनेछ।

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

यस कोषले गर्ने व्यवसायसँग सम्वन्धित ऐन, नियम, तथा नेपाल सरकारले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायराभित्र रही आफ्नो कारोबार गर्दै आइरहेको छ । साथै, यस कोषको संचालकहरु एवं संस्थापकहरु प्रचलित नेपाल कानूनमा भएको व्यबस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै योग्य रहेको समेत उद्घोषणकोषको रहेकोछ ।

**<u>क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :</u>**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" अनुसार निष्काशन गरिने हकप्रद साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई **"[ICRANP-IR] A+" (pronounced as ICRA NP issuer rating single A Plus)"** प्रमाणपत्र प्राप्त गरेको छ । lssuers with this rating are considered to have adequate degree of safety regarding timely servicing of financial obligations. Such issuers carry low credit risk. उक्त क्रेडिट रेटिङ्ग प्रप्त कोषलाई समयमा वित्तिय दायित्व पुरा गर्ने सम्बन्धमा पर्याप्त मात्रामा सुरक्षित तरिका अपनाएको तथा न्युन कर्जा जोखिम रहेको कोषको रुपमा लिईन्छ ।

क्रेडिट रेटिङ्ग प्रदान गरेको मिति : २०७७/०७/२८
क्रेडिट रेटिङ्ग बाहल रहने मिति : २०७८/०७/२७

**श) पछिल्लो ३ बर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| ०७३/०७४ | ५,३५७/- | २,८५०/- | ३,८८०/- | ६०२.४३ |
| ०७४/०७५ | ४,८५७/- | ३,०५१/- | ३,५६५/- | २४२.५८ |
| ०७५/०७६ | २,९४८/- | १,५७७/- | २,४२९/- | ५९२.६० |

**पछिल्लो ३ महिनाको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| महिना | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| २०७७ जेष्ठ | बन्दाबन्दीको कारणले शेयर कारोबार नभएको | | | |
| २०७७ आषाढ | २६८० | १७५० | २४२८ | ७२.६० |
| २०७७ श्रावण | २८३१ | २४३५ | २५८५ | ११७.८२ |
| २०७७ भाद्र | ३७०० | २८५० | ३४०० | ४६४.५९ |
| २०७७ आश्विन | ३६५४ | ३३९९ | ३४६५ | १७८.२७ |
| २०७७ कात्तिक | ४६७५ | ३४३० | ४४६० | २०४.८७ |

**ष) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमाहामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने संचालकहरुको नाम, दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | प्रा.डा. राम चन्द्र भट्टराई | अध्यक्ष | |
| २. | श्री रामेश्वर दंगाल | सदस्य | |
| ३. | श्री कवि प्रसाद पाठक | सदस्य | |
| ४. | श्री चन्द्र सिंह साउद | सदस्य | |
| ५. | श्री कमलेश कुमार अग्रवाल | सदस्य | |
| ६. | श्री अशोक बुढाथोकी | सदस्य | |
| ७. | डा. गंगाराम बि.क. | सदस्य | |

**स) निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई **नागरिक लगानी कोष** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडी सो को एक प्रति (Soft Copy) नेपाल धितोपत्र बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।**